# मधुवन नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ५** **संख्या : २** **प्रमाणिकरण मिति : २०७८/९/३०**

**प्रकाशन मिति : २०७८/१०/१**

## भाग - २

मधुवन नगरपालिका

## पशु सेवा सम्बन्धि कार्यक्रम संचालन कार्यविधि, २०७८

### १-पृष्ठभूमी

नेपालको संविधान २०७२ मा व्यवस्था भए अनुसार कृषितथा पशुपालन, कृषिउत्पादन व्यवस्थापन, पशु स्वास्थ्य तथा कृषिप्रसारको व्यवस्थापन संवन्धि कार्यहरु स्थानिय तहबाट सम्पादन गर्नु पर्ने भएको र संघियता कार्यान्वयनको सन्र्दभमा बजेट कार्यक्रम, जनशक्ति तथा साधन श्रोतहरु स्थानिय तहमा हस्तान्तरण हुँदै गरेको सन्दर्भमा कृषक समुदायको जीविकोपार्जनमा अनादिकालदेखि महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई विविधिकरण, व्यवसायीकरण, बजारीकरण आयमुलक तथा सम्मानित पेशाको रुपमा विकास गरी पशुधनको उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्दै पशुजन्य उत्पादनहरुमा यस मधुवन नगरपालिका लाई आत्मनिर्भर बनाई रोजगारी स्थापना र राष्ट्रिय उत्पादनमा समेत योगदान दिन यस नगरपालिकाबाट संचालन हुने पशु सेवा सम्वन्धि कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "**पशु सेवा सम्बन्धि कार्यक्रमहरु सञ्चालन कार्यबिधि २०७८**" रहेको छ

(ख) यो कार्यविधि मधुवन नगरकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**३. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले "**पशु सेवा सम्बन्धि कार्यक्रमहरु सञ्चालन कार्यबिधि २०७८**" सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले मधुवन नगरपालिका र "नगरकार्यपालिका" भन्नाले मधुवन नगरकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "आर्थिक विकास समिति" भन्नाले मधुवन नगरकार्यपालिकाले गठन गरेको आर्थिक विकास समिति सम्झनु पर्दछ ।

(घ) "शाखा" भन्नाले मधुवन नगरकार्यपालिकाको पशु सेवा शाखा, कृषिविकास शाखा र "कार्यक्रम" भन्नाले मधुवन नगरसभाबाट स्वीकृत भएका पशु सेवा सम्बन्धी कार्यक्रमहरु सम्झनु पर्दछ ।

(ङ) "सेवा केन्द्र" भन्नाले पशु सेवा शाखा मातहतमा मधुवन नगरपालिकाक्षेत्रमा संचालित पशु सेवा संवन्धि सेवा प्रदान गर्ने ईकाइहरु सम्झनु पर्दछ ।

(च) "पशु विकास समन्वय समिति" भन्नाले कार्यक्रम क्षेत्र तथा लाभग्राही छनौट, मापदण्ड निर्धारण र अनुगमन तथा मुल्याङ्कनका लागि "पशु सेवा कार्यक्रमहरु सञ्चालन निर्देशिका-२०७६" बमोजिमका पदाधिकारी रहने गरी नगर स्तरमा गठन भएको कार्यदल सम्झनु पर्दछ ।

(छ) "लाभग्राही" भन्नाले पशु सेवा शाखा/केन्द्रबाट कार्यक्रममा ब्यवस्था भए अनुसार अनुदान, पशु उत्पादनमा प्रयोगहुने बस्तु, सामाग्रि तथा उपकरणहरु र सेवा प्राप्त गर्ने कृषक/कृषक समुह/समिति/सहकारी/उद्यमी/निजी ब्यवसाय तथा संस्था समेतलाई जनाउँछ ।

## ४. उद्देश्य-

- पशु सेवा सँग सम्बन्धित कार्यक्रमहरुको पारदर्शी तरिकाले उचित मापदण्ड तयार पारि कार्यान्वयन गर्ने ।
- वास्तविक सेवा ग्राही छनौट गर्न सहयोग पुगाउन ।

**५. संलग्न कार्यविधिहरुः** यस अन्तर्गत निम्न कार्यविधिहरु पर्दछन :

- पकेट निर्माण तथा प्रोत्साहन कार्यक्रम
- कृषिउत्पादनमा बृद्धि गर्न कृषिऋण ब्याज अनुदान कार्यक्रम कार्यबिधि
- सहकारी तथा समूहको सहकार्यमा कृषितथा पशुपन्छी जन्य उत्पादनको बजारीकरण गर्न नगर कोसेली घर स्थापना
- पशुपन्छी विमा प्रोत्साहन कार्यक्रम कार्यबिधिः

**६.कार्यक्रममा संलग्न निकायहरु र तिनको जिम्मेवारी**

**क- उद्यमी युवा/युवतीहरु,सहकारी, समूहको जिम्मेवारी**

- आफुले पेश गरेको र्कायोजना अनुसार काम गर्ने लिखित प्रतिबद्धता जाहेर गर्ने र सोही मुताविक कार्यक्रम सञ्चालन गर्ने ।
- काबु भन्दा बाहिरको परिस्थितीमा बाहेक कम्तिमा ३ बर्ष सम्म व्यवसाय छोड्न नपाउने ।
- नियमित रुपमा तोकिएको ढाँचामा प्रगति विवरण भरी सम्बन्धित सेवा केन्द्र मार्फत पशु सेवा शाखा कार्यालयमा पठाउने ।

**ख- पशु सेवा शाखा/पशु सेवा केन्द्रको जिम्मेवारी-**

- सूचना प्रकाशन,"पशु विकास समन्वय समिति"को निर्णय अनुसार फर्म छनौट, अनुगमन, कार्यक्रम कार्यान्वयन सम्झौता, कार्यान्वयन तथा फरफारक गर्न सहयोग गर्ने ।
- आफ्नो कार्य क्षेत्रको मातहतमा रहेका सेवाग्राहीहरुलाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने ।
- पशु सेवा केन्द्रले मासिक, चौमासिक र बार्षिक अनुगमन गरी पशु सेवा शाखामा प्रतिबेदन पठाउने ।

**ख- सिफारिस गर्ने वडा कार्यालयको जिम्मेवारी**

- सही रुपमा काम गर्ने वास्तविक सेवा ग्राही हरु लाई उक्त कार्यक्रमका लागि लिखित सिफारिस गर्ने ।
- कामको अनुगमन गर्ने, रिपोर्टिङ गर्ने र सहजकर्ताको भुमिका निर्बाह गर्ने

७) **पशु सेवा शाखाबाट सञ्चालन हुने कार्यक्रमहरुको कार्यक्रम कार्यान्वयन कार्यबिधि तपशिल बमोजिम हुनेछ ।**

**तपशिलः**

क) <u>पकेट निर्माण तथा प्रोत्साहन कार्यक्रम कार्यविधि</u>

**पृष्ठभूमीः**

पशुपन्छीको उत्पादन र संख्या बढाउनु आजको आवश्यकता हो । कृषिप्रधान जस्तो हाम्रो देशमा कृषितथा पशुपन्छी जन्य वस्तुमा पनि परनिर्भर हुन हाम्रा लागि चुनौती हो । यस्तो अवस्थाको निराकरण गर्न पशुपन्छी पालन र्काक्रममा विभिन्न रणनीति तथा कार्यक्रमहरुको आवश्यकता हो । एउटा टोल, गाँउ तथा वडा जहाँ कुनै एक पशुपन्छी पालनको बाहुल्य भएका साना पशुपन्छी पालक कृषकहरुको उत्थान तथा प्रोत्साहनका लागि यस्ता कार्यक्रमहरुको ठूलो महत्व रहने गर्दछ । यस कार्यक्रम अन्तरगत निम्नानुसारका कार्यक्रमहरु पर्दछन ।

**अ) पकेट निर्माण तथा प्रोत्साहन कार्यक्रम बाखा**
**आ) पकेट निर्माण तथा प्रोत्साहन कार्यक्रम भैसी**
**इ) पकेट निर्माण तथा प्रोत्साहन कार्यक्रम गाई**
**ई) पकेट निर्माण तथा प्रोत्साहन कार्यक्रम  कुखुरा**
**उ) पकेट निर्माण तथा प्रोत्साहन कार्यक्रम माछा**
**ऊ) पकेट निर्माण तथा प्रोत्साहन कार्यक्रम बंगुर**

१) **कार्यक्रम सञ्चालनको कार्यक्षेत्र:** यो कार्यक्रम मधुवन नगरपालिकाका सबैवडाहरुमा समूहबाट माग भए बमोजिम लागू हुनेछन ।

२) **कार्यक्रम सञ्चालन प्रक्रिया:** यो कार्यक्रम पशु सेवा शाखाबाट वडाहरुको सिफारिस, समन्वयमा सञ्चालन हुनेछ ।

**अ)** अनुसूची १ (क) बमोजिम १५ दिने सूचना आवश्यकता अनुसार टाँस वा प्रकाशन गरी अनुसूची २ (क) बमोजिम निबेदन र अनुसूची ३ (क) बमोजिम प्रस्ताव माग गर्ने ।

**आ)** पशु विकास समन्वय समिति, नगर कार्यपालिका वा नगरपालिकाको अनुगमन समिति, पशु सेवा शाखाको टिम बाट अनुगमन गर्ने ।

**इ)** तोकिएको मामदण्ड पुरा गरेका समूहलाई अनुगमन प्रतिबेदनको आधारमा पशु विकास समन्वय समितिले छनौटका लागि आधार तयार गरी नगर कार्यपालिकामा पेश गर्ने । नगर कार्यपालिकाले आवश्यक छनौटको निर्णय गर्ने ।

**ई)** सेवा ग्राही सँग अनुसूची ४ (क) बमोजिम कार्यक्रम कार्यान्वयन सम्झौता गर्ने ।

**उ)** सम्झौता बमोजिम कार्य सम्पन्न भई सकेपछि समुहले आवश्यक कागजात संलग्न राखी भुक्तानी पाँउ निबेदन पेश गर्ने ।

**ऊ)** कार्यक्रम सम्पन्न गरेको प्रमाण, विल भरपाई, अनुगमन प्रतिबेदनको आधारमा कुल लागतको ५० प्रतिशत तथा अधिकतम रु ३००००० तिन लाख सम्म भुक्तानी दिने ।

**३) समूह छनौटका आधारहरु:-**

- समूह सूचना प्रकाशन हुनु भन्दा पहिले दर्ता भई सञ्चालनमा रहेको र हाल सम्म नेपाल सरकारको कुनै पनि निकायबाट कुनै प्रकारको अनुदान २ आ.ब. देखि नपाएको हुनु पर्ने ।
- समूहका सदस्यहरु संग वा उक्त कार्यक्रममा समूहको तर्फबाट छनौट गरी लाभाम्बित हुने सम्पुर्ण कृषकहरुको जोडेर कम्तिमा बाखा २००, गाई/भैसी १००, बंगुर २००, कुखुरा स्थानिय २००, माछा ५ विगाहा क्षेत्रफलमा पालन भएको हुनु पर्नेछ ।
- समूहमा २० जना भन्दा माथि सदस्य भएको ।

४) खर्चको मापदण्ड:- समूहका लागि प्रति समूह तिन लाख देखि पाँच लाख सम्म पकेट प्रोत्साहनका लागि अनुदान कार्यक्रम पशु सेवा शाखा मार्फत कार्यक्रम तर्जुमा गरिनेछ । उक्त रकम समूहको ५० प्रतिशत साँझेदारीमा खर्च गरीनेछ । तपशिल बमोजिमका शिर्षकमा उक्त रकम खर्च गर्न सकिनेछ ।

तपशिल:

- बाखा, कुखुरा, बंगुर खोर सुधार, गाई भैसी गोठ सुधार, माछाको पोखरी निर्माण, नश्ल सुधारका लागि बोका, राँगा, साँडे, बंगुरको विर खरिद, माछाका भुरा खरिद, आवश्यक साना कृषियन्त्र उपकरण खरिद, औषधी, विमा, तालिम, पोषण सुधारका लागि मिनरल ब्लक व्यवस्थापन, घाँस खेती, बाह्य परजिवी नियन्त्रणका लागि डिपिङ ट्याङ्क निर्माण जस्ता शिर्षकमा उक्त रकम खर्च गर्न सकिनेछ ।

**५) भुक्तानी प्रक्रिया:-** समूहले स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रम सम्पन्न गरी सकेपछि सम्बन्धित वडा र पशु सेवा केन्द्रको सिफारिस, अनुगमन प्रतिबेदनको आधारमा कुल खर्चको ५० प्रतिशत रकम भुक्तानी गर्न सकिनेछ ।

## अनुसूची-१(क)

**दफा ७ (क) २ अ सँग सम्बन्धित ।**

**पकेट निर्माण तथा प्रोत्साहन कार्यक्रमको प्रस्ताव आह्वानको**

**सूचना । सूचना ॥ सूचना ॥।**

मिति:२०..../../..

यस मधुवन नगरपालिका पशु सेवा शाखाको आ.व. २०..../२०.... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको **पकेट निर्माण तथा प्रोत्साहन कार्यक्रम** रहेको हुदा यस मधुवन नगरपालिका अन्तरगतका वडा न. १ देखि ९ सम्मका साँझेदारी गर्न ईच्छुक यो सूचना प्रकाशन हुनु भन्दा पहिले सम्बन्धीत निकायमा दर्ता भएका र यस भन्दा पहिले कुनै पनि प्रकारको अनुदान कार्यक्रममा सहभागी नभएका पशुपन्छी पालक कृषक समूहबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र पशु सेवा शाखामा दरखास्त माग निबेदन दिनु होला । पुनश्चः आबेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न हुन समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

**तपसिलः**

| क्र.स. | कार्यक्रमको नाम | सङ्ख्या | कुल साँझेदारी रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**संलग्न गर्नु पर्ने कागजातहरु-**

- माग निबेदन ।
- संक्षिप्त कार्ययोजना ।
- अध्यक्षको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि । ..........................
- समूह सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि ।
- वडा र पशु सेवा केन्द्र कार्यालयको सिफारिस ।
- परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता पत्र ।

## अनुसूची-२ (क)

**दफा ७ (क) २ अ सँग सम्बन्धित ।**

**पकेट निर्माण तथा प्रोत्साहन कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आबेदन-पत्र**

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू मिति:
मधुवन नगरपालिका
बर्दिया ।

बिषय- ........................पकेट कार्यक्रम उपलब्ध गराई दिने बारे ।

महोदय,

हाम्रो श्री .. .. .. .. . समूह ठेगाना मधुवन .. .. ..लाई उक्त अनुदान सहयोग प्राप्त गरी ...............................................कार्य गर्न तिब्र ईच्छा भएकाले निम्नानुसार कागजात राखी निबेदन गर्दछौ । हाम्रो समूहले हाल सम्म नेपाल सरकारको कुनै पनि निकायबाट कुनै प्रकारको अनुदानमा सहभागी नभएकाले हामिले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित वडा भित्रै रही कार्य गर्ने प्रतिद्धता सहित यो माग निबेदन पेश गर्दछौ । साथै तपसिल अनुसारका कागजातहरु यसै निबेदन साथ संलग्न राखेको ब्यहोरा समेत अनुरोध छ ।

तपसिल-

- माग निबेदन ।
- संक्षिप्त कार्ययोजना ।
- अध्यक्षको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- समूह सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि ।
- वडा र पशु सेवा केन्द्र कार्यालयको सिफारिस ।
- परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता पत्र ।

**निबेदक**
नाम
दस्तखत
ठेगाना

## अनुसूची-३ (क)

**दफा ७ (क) २ अ सँग सम्बन्धित ।**

## पकेट निर्माण तथा प्रोत्साहन कार्यक्रममा अनुदान सहयोग कार्यक्रमको संक्षिप्त कार्य योजना ।

समूहको नाम-
ठेगाना-
सञ्चालन गर्न खोजेको कार्यक्रम र स्थान-
सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी
आफ्नो समूहका सदस्यहरुको लगानी-
उत्पादन हुने वस्तु-
उत्पादित वस्तुको बजार-
व्यवशायले वातावरणमा नकरात्मक प्रभाव पार्छ/पार्दैन-
समूह दर्ता भएको निकाय-                    मिति-
व्यवशाय सञ्चालन गरिने स्थान-

संचालन गरिने कार्य विवरण-

| क.स. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | नीजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

लाभाम्बित हुने कृषक विवरणः-

समूहको बैठकबाट छनौट निर्णय भएको हुनु पर्ने

| क्र.स. | कृषकको नाम थर | ठेगाना | जम्मा पशुपन्छी संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | पशुपन्छी संख्यामा जुन पकेटका लागि कार्यक्रम माग हुदैछ त्यसको संख्या मात्र उल्लेख गर्ने |
| | | | | |

व्यवशाय गरेको अबधि-

व्यवशायमा श्रमको व्यवस्थापन-(क)पारिवारीक.............(ख) बाहिरबाट..............जना

(ग) जम्मा ............जना

उत्पादित बस्तुको बजार-

अपेक्षित बार्षिक प्रतिफल-

हस्ताक्षर- समुहको छाप

नाम-

पद-

मिति-

## अनुसूची ४ क
## दफा ७ (क) २ (ई) सँग सम्बन्धित ।
## सम्झौता -पत्र

मधुवन नगरपालिका पशु सेवा शाखाको आ.ब. २०..../२०...... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **पकेट निर्माण तथा प्रोत्साहन कार्यक्रम** सञ्चालन गर्न (यस पछि पहिलो पक्ष भनिने) मधुवन नगरपालिका बर्दिया र ..... .. .. .. .. .. .. .. .. ... .. .. .. .. ......................यस पछि दोस्रो पक्ष भनिने) बिच मितिः..२०../../.. मा तपशिलका सर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरि दियौ/लियौ ।

- दोस्रो पक्षले सम्झौता भएको लगत्तै काम सुरु गर्नु पर्ने छ । यो कार्यक्रम मधुवन न.पा . . . . . मा सम्पन्न गरिनेछ र समायावधी २०..... असार १५ गते सम्म हुनेछ ।
- प्रथम पक्षले स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरी सके पछि भुक्तानी निबेदन, बिल भरपाई सामाजिक लेखा परिक्षण लगायतका कागजात पेश गरे पश्चात अनुगमन गरी प्रतिबेदनका आधारमा दोस्रो पक्ष लाई बैङ्क खाता मार्फत रकम भुक्तानी दिईने छ ।

- यस आर्थिक बर्ष २०.. ../२०.. ..मा अनुदान ग्राही लाई स्वीकृत कार्ययोजना अनुसार रु ३००००० (तिन लाख मात्र) वा कार्य सम्पन्न प्रतिबेदनको ५० प्रतिशत रकम उपलब्ध गराउने छ जसमा अनुदान बराबरको लगानी स्वलगानी बाफत फार्मका सञ्चालकले लगानी गर्नु पर्नेछ ।
- प्रथम पक्षले कार्यप्रगतीको आधारमा भुक्तानी गरिने छ । तोकिए अनुसारको परिमाणमा वा क्षेत्रफलमा काम नभएमा पुरै रकम भुक्तानी गर्न बाध्य हुने छैन ।
- स्वीकृत कार्ययोजना बमोजिमका सम्पुर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुने छ ।
- दोस्रो पक्षले नियमित रुपमा प्रगती विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने छ ।
- प्रथम पक्षको तर्फबाट अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुने छ ।
- पकेट क्षेत्रका पशुपन्छीहरुको विमा अनिवार्य दोस्रो पक्षले गर्नु पर्नेछ ।
- कार्यक्रम सञ्चालनको क्रममा आउन सक्ने द्विबिधाका बिषयमा दुबै पक्षको आपसि सहमति अनुसार हुने छ ।
- निर्माणको हकमा प्राबिधिक लागत अनुमान प्रतिबेदन अनिवार्य पेश गर्नु पर्नेछ ।
- सम्झौतामा उल्लेख हुन छुटेका बिषयको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।
- कोभिड १९ लगायतका कारण काबु भन्दा बाहिरको परिस्थिति श्रीजना भएमा प्रथम पक्ष दोस्रो पक्षलाई भुक्तानी दिन बाध्य हुने छैन ।
- सम्झौताका बुदाहरु आवश्यक्ता अनुसार थपघट र परिमार्जन गर्न सकिने छ ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फ बाट | प्रथम पक्षको तर्फ बाट |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगानाः | पदः |
| सँस्था/फार्म छाप | कार्यालयको छाप |
| साक्षिः | साक्षिः |
| नामः | नामः |
| ठेगानाः | पदः |

इति सम्वत २०.. .. साल ..महिना.....गते रोज सुभम् ।

**ख) <u>कृषिउत्पादनमा बृद्धि गर्न कृषिऋण ब्याज अनुदान कार्यक्रम कार्यबिधि</u>**

**पृष्ठभूमीः**

कृषिपेशालाई मर्यादित तथा सम्मानित पेशाको रुपमा विकास गर्नु र आयात प्रतिस्थापन गर्दै देशलाई पशुपन्छी पालन तथा अन्य कृषिका क्षेत्रमा आत्मनिर्भर बनाउनु आजको आवश्यकता हो । ऋणधन गरेर तथा विदेशबाट आएर देशमा केही गरौ भन्ने कृषक युवा हरुका लागि विभिन्न कार्यक्रमहरु तर्जुमा गर्नु पर्ने हुन्छ । बैंकबाट ऋण लिई फार्म दर्ता गरी ब्यवशायको सुरुवात गरेका वा ऋण लिएर ब्यवसाय गर्न ईच्छुक कृषकहरुलाई राहत तथा प्रोत्साहन गर्न यस्ता कार्यक्रमले ठूलो सहयोग पुग्ने देखिन्छ । यस्ता समस्यालाई आत्मसाथ गर्दै मधुवन नगरपालिकाले यो कार्यक्रमको सुरुवात गरेकोछ ।

१) **कार्यक्रम सञ्चालनको कार्यक्षेत्रः** यो कार्यक्रम मधुवन नगरपालिकाका सबैवडाहरुमा ब्यवशायीक फार्महरु बाट माग भए बमोजिम लागू हुनेछन ।

२) **कार्यक्रम सञ्चालन प्रक्रियाः** यो कार्यक्रम मधुवन नगरपालिका पशु सेवा शाखा/ कृषिविकास शाखाबाट वडाहरुको सिफारिस कमोजिम सञ्चालन हुनेछ ।

**अ)** अनुसूची १ (ख) बमोजिम १५ दिने सूचना आवश्यकता अनुसार टाँस वा प्रकाशन गरी अनुसूची २ (ख) बमोजिम निबेदन र अनुसूची ३ (ख) बमोजिम प्रस्ताव माग गर्ने तथा संकलन गर्ने ।

**आ)** पशु विकास समन्वय समिति, नगर कार्यपालिका वा नगरपालिकाको अनुगमन समिति, पशु सेवा शाखाको टिम बाट स्थलगत अनुगमन गर्ने ।

**इ)** तोकिएको मामदण्ड पुरा गरेका समूहलाई अनुगमन प्रतिबेदनको आधारमा पशु विकास समन्वय समितिले छनौटका लागि आधार तयार गरी नगर कार्यपालिकामा पेश गर्ने । नगर कार्यपालिकाले आवश्यक निर्णय गर्ने तथा प्रस्ताव स्वीकृत गर्ने र सोको जानकारी अनुदान ग्राही लाई गराउने ।

**ई)** अनुदानग्राही हरुले आफुलाई पायक पर्ने बितिय सँस्थाबाट सहुलियत कृषिऋण स्वीकृत गराउने र सोको जानकारी प्रमाण सहित मधुवन नगरपालिका पशु सेवा शाखामा गराउने । पहिलेनै सहुलियत कृषिऋण लिई व्यवशाय सुरु गरेका हरुको हकमा सोको प्रमाण पेश गरी जानकारी गराउने ।

उ) सेवाग्राही र मधुवन नगरपालिका विच अनुसूची ४ (ख) अनुसार कार्यक्रम सम्झौता गर्ने ।

ऊ) अनुदानग्राहीले सम्झौता बमोजिम ब्याज रकम तिरेको आवस्यक कागजात (ब्याज तिरेकोसक्कलै रसिद, सम्बन्धित बितिय सँस्थाको जान कारी पत्र लगायत) सहित कार्यालयमा रकम भुक्तानी माग गर्ने ।

ए) मधुवन नगरपालिकाले सम्बन्धित अनुदानग्राहीलाई तिरेको ब्याजको ५० प्रतिशत अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गर्ने ।

ऐ) कृषिऋणको रकम कृषिब्यवशायमा लगानी नगरी अन्य क्षेत्रमा लगानी गरेको पाईएमा सम्झौता जुनसुकै बखतमा खारेज गर्ने ।

## ३) कृषक छनौटका आधारहरुः-

- बाख्रा पालन ब्यवशायको हकमा सुधारीएको खोर बनाई २० वटा भन्दा माथिको संख्यामा पालन गर्दै आएको, गाई भैसीको हकमा ५ वटा माउ तथा ठूला ३ बर्ष माथिको संख्यामा भएको, बंगुर पालनको हकमा खोर सुधार गरी १० वटा भन्दा माथि भएको,कुखुरा पालन ५०० भन्दा माथि भएको, माहुरी पालनमा १० घार भन्दा माथि भएको, माछा पालनमा १० कट्ठा भन्दा माथि मा माछा पालन गरेको, तरकारी खेतीमा ५ कट्ठा भन्दा माथिमा तरकारी खेती गरेको, फलफुल खेतीमा १ विगाहा भन्दा माथिको क्षेत्रफलमा खेती गरेको, घाँस खेती १ विगाहा भन्दा माथिको क्षेत्रफलमा खेती गरेको, विउ उत्पादन लगायतका अन्य ब्यवशायिक कृषिकार्यका लागि १ विगाहा भन्दा माथिको क्षेत्रफलमा खेती गरी विगत १ बर्ष देखि विउ बिक्रिवितरण गर्दै आएको हुनु पर्नेछ ।
- बैङ्कहरुबाट कृषिऋण लिई ब्यवशाय गरेको वा सम्बन्धित कृषिब्यवशायका लागि ऋण लिन आवश्यक भएको ।

४) खर्चको मापदण्डः- मधुवन नगरपालिका भित्रका ब्यवशायिक तथा ब्यवशाय उन्मुख पशुपन्छी फार्म सञ्चालकहरुले कृषिब्यवशायको सुरुवात गरेको हुनु पर्नेछ । कृषिऋण लिई ब्यवशाय गरेको वा कृषिऋण लिई ब्यवशाय गर्न चाहने कृषकहरुले तपशिलका कार्यमा ऋण लिई ब्यवशाय गरेका वा ब्यवशाय गर्न चाहेको हुनु पर्नेछ । जसमा मधुवन नगरपालिकाले सम्बन्धित अनुदानग्राहीलाई तिरेको ब्याजको ५० प्रतिशत अनुदान रकम बैंक खाता मार्फत भुक्तानी गर्ने ।

**तपशिलः**

- ब्यवशायिक बाख्रा पालन, कुखुरा पालन, बंगुर पालन, गाई भैसी पालन, माछा पालन, माहुरी पालन, तरकारी खेती, फलफुल खेती, घाँस खेती, विउ उत्पादन, लगायतका अन्य कृषिपेशा गरेको हुनु पर्नेछ ।

**च) भुक्तानी प्रक्रियाः-** सेवाग्राही संगको सम्झौता अनुसार भुक्तानी पाँउ निबेनको आधारमा ऋण उपलब्ध गराउने बैङ्कलाई सम्बन्धीत फार्मले भुक्तानी गरेको ब्याजको सक्कलै रसिदको आधारमा सम्बन्धीत फार्मको खातामा रकम जम्मा गरिनेछ ।

## अनुसूची-१(ख)

**दफा ७ (ख) २ (अ) सँग सम्बन्धित ।**

**कृषिउत्पादन बृद्धि गर्न कृषिऋणमा ब्याज अनुदान कार्यक्रमको प्रस्ताव आह्वानको सूचना । सूचना ॥ सूचना ॥।**

मिति:२०..../../..

यस मधुवन नगरपालिका पशु सेवा शाखाको आ.व. २०..../२०.... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **कृषिउत्पादन बृद्धि गर्न कृषिऋणमा ब्याज अनुदान कार्यक्रम** रहेको हुदा यस मधुवन नगरपालिका अन्तरगतका वडा न. १ देखि ९ सम्मका ईच्छुक यस भन्दा पहिले कुनै पनि प्रकारको अनुदान कार्यक्रममा सहभागी नभएका कृषिऋण लिई ब्यवशाय गरेका वा ब्यवशाय उन्मुख कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र पशु सेवा शाखा/ कृषिविकास शाखामा दरखास्त माग निबेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । पुनश्चः आबेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न हुन समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

**तपसिलः**

- माग निबेदन ।
- संक्षिप्त कार्ययोजना ।
- नेपाली नागरिकताको प्रतिलिपि । ..........................
- फार्म सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि ।
- भ्याट प्यान दर्ता र कर चुक्ता प्रमाण पत्र प्रतिलिपि ।
- वडा कार्यालयको सिफारिस ।
- कृषिऋण लगानी गर्ने बैङ्कको ऋणको प्रकार, बार्षिक ब्याज दर, मासिक ब्याज विवरण, ऋण लगानीको क्षेत्र र हालको अवस्था खुल्ने ब्यहोरा सहितको ऋण बारेको जानकारी पत्र ।

## अनुसूची-२ (ख)

**दफा ७ (ख) २ (अ) सँग सम्बन्धित ।**

## कृषिउत्पादन बृद्धि गर्न कृषिऋणमा ब्याज अनुदान कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आबेदन-पत्र

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू मितिः
मधुवन नगरपालिका
बर्दिया ।

बिषय- ..........................कृषिऋणमा ब्याज अनुदान उपलब्ध गराई दिने बारे ।

महोदय,

हाम्रो/म श्री .. .. .. .. . फार्म को सञ्चालक श्री .................... ठेगाना मधुवन .. .. ..ले मिति.. .. .. .. .. .. .. .. .. .. .मा श्री .. .. .. .. .. .. .. .. .... बैंङ्क लि. बाट कृषिऋण लिई .. .. .. .. .. .. .. . ब्यवशाय गर्दै आएकोले उक्त अनुदान सहयोग प्राप्त गरी उक्त कार्य गर्न तिब्र ईच्छा भएकाले निम्नानुसार कागजात राखी हजुर समक्ष माग निबेदन पेश गर्दछु । मैले हाल सम्म नेपाल सरकारको कुनै पनि निकायबाट कुनै प्रकारको अनुदानमा सहभागी नभएकाले मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित वडा भित्रै रही कार्य गर्ने प्रतिद्धता ब्यक्त गर्दछु । साथै तपसिल अनुसारका कागजातहरु यसै निबेदन साथ संलग्न राखेको ब्यहोरा समेत अनुरोध छ ।

तपसिल-

- माग निबेदन ।
- संक्षिप्त कार्ययोजना ।
- नेपाली नागरिकताको प्रतिलिपि । ..........................
- फार्म सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि ।
- भ्याट प्यान दर्ता र कर चुक्ता प्रमाण पत्र प्रतिलिपि ।
- वडा कार्यालयको सिफारिस ।
  कृषिऋण लगानी गर्ने बैङ्कको ऋणको प्रकार, बार्षिक ब्याज दर, मासिक ब्याज विवरण, ऋण लगानीको क्षेत्र र हालको अवस्था खुल्ने ब्यहोरा सहितको ऋण बारेको जानकारी पत्र ।

**निबेदक**
नाम
दस्तखत
ठेगाना

## अनुसूची-३ (ख)

### दफा ७ (ख) २ (अ) सँग सम्बन्धित ।

### कृषिउत्पादन बृद्धि गर्न कृषिऋणमा ब्याज अनुदान कार्यक्रमको संक्षिप्त कार्ययोजना ।

फर्मको नाम-

सञ्चालकको नामः

ठेगाना- फोन न.

सञ्चालन गर्न खोजेको कार्यक्रम र स्थान-

सहयोग स्वरुप माग गरेको ऋण अनुदान रकमरुः

आफ्नो लगानी-

कृषिऋण उपलब्ध गराउने बैंकको नामः

ऋण रकम रुः-

मासिक ब्याज रकम रुः- ऋण लिएको मितिः-

ऋण चुक्ता गरी सक्नु पर्ने अन्तिम मितिः

उत्पादन हुने वस्तु-

उत्पादित बार्षिक बजार- अपेक्षित बार्षिक प्रतिफल-

व्यवशायले वातावरणमा नकरात्मक प्रभाव पार्छ/पार्दैन-

फार्म दर्ता भएको निकाय- मिति-

व्यवशाय सञ्चालन गरिने स्थान-

ब्यवशाय गरेको अबधि-

ब्यवशायमा श्रमको व्यवस्थापन-(क) पारिवारीक.............(ख) बाहिरबाट..............जना

(ग) जम्मा ............जना

अपेक्षित बार्षिक प्रतिफल-

हस्ताक्षर- फार्मको छाप

नाम-

पद-

मिति-

**अनुसूची ४ ख**
**दफा ७ (ख) २ (उ) सँग सम्बन्धित।**
**सम्झौता -पत्र**

मधुवन नगरपालिका पशु सेवा शाखाको आ.ब. २०..../२०...... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **कृषिउत्पादन बृद्धि गर्न कृषिऋणमा ब्याज अनुदान** सञ्चालन गर्न (यस पछि पहिलो पक्ष भनिने) मधुवन नगरपालिका बर्दिया र ..... .. .. .. .. .. .. .. ... .. .. .. .. .......................यस पछि दोस्रो पक्ष भनिने) बिच मितिः२०../../.. मा तपशिलका सर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरि दियौं/लियौ ।

- दोस्रो पक्षले सम्झौता भएको लगत्तै काम सुरु गर्नु पर्ने छ । यो कार्यक्रम मधुवन .. .. .मा सम्पन्न गरिनेछ र समायावधी २०..... असार १५ गते सम्म हुनेछ ।

- प्रथम पक्षले भुक्तानी निबेदन, बिल भरपाई लगायतका कागजात पेश गरे पश्चात अनुगमन गरी प्रतिबेदनका आधारमा दोस्रो पक्ष लाई बैङ्क खाता मार्फत ब्याज अनुदान रकम भुक्तानी दिईने छ ।
- यस आर्थिक बर्ष २०.. ../२०.. ..मा अनुदान ग्राही लाई रु १०००००० दश लाख सम्मको ऋणको ब्याजमा ५० प्रतिशत रकम उपलब्ध गराउने छ जसमा अनुदान बराबरको लगानी स्वलगानी बाफत फार्मका सञ्चालकले लगानी गर्नु पर्नेछ ।
- प्रथम पक्षले कार्यप्रगतीको आधारमा भुक्तानी गरिने छ । तोकिए अनुसारको लक्ष बमोजिमको क्षेत्रमा ऋणको प्रयोग नभएको पाईएमा ऋण अनुदान रकम भुक्तानी गर्न बाध्य हुने छैन ।
- ऋण लिई गरिने कृषि कर्मका सम्पुर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुने छ ।
- दोस्रो पक्षले नियमित रुपमा प्रगती विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने छ ।
- प्रथम पक्षको तर्फबाट अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुने छ ।
- फार्ममा रहेका पशुपन्छीहरुको विमा अनिवार्य दोस्रो पक्षले गर्नु पर्नेछ ।
- कार्यक्रम सञ्चालनको क्रममा आउन सक्ने द्विविधाका बिषयमा दुबै पक्षको आपसि सहमति अनुसार हुने छ
- सम्झौतामा उल्लेख हुन छुटेका बिषयको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।
- कोभिड १९ लगायतका कारण काबु भन्दा बाहिरको परिस्थिति श्रीजना भएमा प्रथम पक्ष दोस्रो पक्षलाई भुक्तानी दिन बाध्य हुने छैन ।
- सम्झौताका बुदाहरु आवश्यक्ता अनुसार थपघट र परिमार्जन गर्न सकिने छ ।

| दोस्रो पक्षको तर्फ बाट | प्रथम पक्षको तर्फ बाट |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगानाः | पदः |
| सँस्था/फार्म छाप | कार्यालयको छाप |
| | |
| साक्षिः | साक्षिः |
| नामः | नामः |
| ठेगानाः | पदः |

इति सम्वत २०.. .. साल ..महिना.....गते रोज सुभम् ।

## ग) <u>सहकारी तथा समूहको सहकार्यमा कृषितथा पशुपन्छी जन्य उत्पादनको बजारीकरण गर्न नगर कोसेली घर स्थापना</u>

**पृष्ठभूमीः**

कृषि पेशालाई मर्यादित तथा सम्मानित पेशाको रुपमा विकास गर्नु र आयात प्रतिस्थापन गर्दै देशलाई पशुपन्छी पालन तथा अन्य कृषिका क्षेत्रमा आत्मनिर्भर बनाउनु आजको आवश्यकता हो । यसका लागि उत्पादित कृषिवस्तुको बजारीकरण मुख्य आवश्यकता हो । यसका लागि ईच्छुक मधुवन नगरपालिका भित्रका सहकारी तथा कृषिसमूहरुसँगको सहकार्यमा कृषि तथा पशुपन्छी जन्य उत्पादनको बजारीकरण गर्न नगर कोसेली घर स्थापना कार्यक्रम तर्जुमा गरिएकोछ । जसका कारण मधुवन नगरपालिकाको कृषितथा पशुपन्छी पालनका क्षेत्रमा पहिचान बनाउन, चिनाउन कृषि वस्तुको प्याकेजिङ, लेबलिङ, ग्रेडिङ, ब्राण्डीङ, प्रोसेसिङ तथा उत्पादन जस्ता कार्य गर्न ईच्छुक सहकारी सँग साँझेदारी गरिनेछ ।

**१) कार्यक्रम सञ्चालनको कार्यक्षेत्रः** यो कार्यक्रम मधुवन नगरपालिकाका सबैवडाहरुमा सहकारी बाट माग भए बमोजिम उत्पादित वस्तुको बजारीकरणको सम्भाब्यताका आधारमा लागू हुनेछ ।

**२) कार्यक्रम सञ्चालन प्रक्रियाः** यो कार्यक्रम मधुवन नगरपालिका पशु सेवा शाखा/ कृषिविकास शाखाबाट वडाहरुको सिफारिस, तथा समन्वयमा सञ्चालन हुनेछ ।

**अ)** अनुसूची १ (ग) बमोजिम १५ दिने सूचना आवश्यकता अनुसार टाँस वा प्रकाशन गरी अनुसूची २ (ग) बमोजिम निबेदन र अनुसूची ३ (ग) बमोजिम प्रस्ताव माग गर्ने ।

**आ)** पशु विकास समन्वय समिति, नगर कार्यपालिका वा नगरपालिकाको अनुगमन समिति, पशु सेवा शाखाको टिम बाट अनुगमन गर्ने ।

**इ)** तोकिएको मामदण्ड पुरा गरेका सहकारी तथा समूहलाई अनुगमन प्रतिबेदनको आधारमा पशु विकास समन्वय समितिले छनौटका लागि आधार तयार गरी नगर कार्यपालिकामा पेश गर्ने । नगर कार्यपालिकाले आवश्यक निर्णय गर्ने ।

**इ)** सेवा ग्राही सँग अनुसूची ४ ग बमोजिम सम्झौता गर्ने ।

**ई) स्**वीकृत कार्ययोजना बमोजिमको कार्य सम्पन्न पस्चात सेवाग्राहीले आवश्यक विल भरपाई संलग्न राखी भुक्तानी पाँउ निबेदन पेश गर्ने ।

उ) संलग्न विल भरपाई तथा कार्य सम्पन्न प्रतिबेदन, अनुगमन प्रतिबेदनको आधारमा बढिमा ५००००० (पाँच लाख सम्म) तथा कुल खर्चको ५० प्रतिशतले जुन कम हुन्छ सो रकम बैंक खाता मार्फत भुक्तानी दिने ।

## ३) सहकारी तथा समूह छनौटका आधारहरुः-

- कृषितथा पशुपन्छी पालनका क्षेत्रमा काम गरिरहेको सहकारी समूह हुनु पर्ने ।
- नगरकोसेली घर स्थापना गरी कृषितथा पशुपन्छी जन्य वस्तु उत्पादन गरी विक्रिवितरण गर्न ईच्छुक भएको र विगतमा कृषिउत्पादन बजारीकरणका क्षेत्रमा कार्य गरिरहेको ।
- कोसेली घर स्थापना गरी स्थानिय उत्पादनको प्याकेजिङ, लेबलिङ, ग्रेडिङ, ब्राण्डीङ, प्रोसेसिङ तथा उत्पादनमा आवश्यक पर्ने मेसिनरी उपकरण जडान गरी उद्योग सञ्चालन गर्न सक्ने ।
- सहकारी तथा समूह छनौट गर्दा तपशिल बमोजिमका सूचकहरु मध्ये सबभन्दा राम्रो अंक प्राप्त गर्न सक्ने सहकारी तथा समूह छनौट गरीनेछ ।

| क्र.सं. | द.नं. | आवेदक संस्थाको नाम | ठेगाना | कार्य योजना (५०) | व्यवसायको सम्भाव्यता उपयुक्तता (२५) | अनुभव/तालिम, भौतिक संरचना (१०) | सहकारी तथा समूहको सँस्थागत अवस्था (१५) | कुल प्राप्तांक (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

- पशु विकास समन्वय समितिका पदाधिकारीहरुको :
- नोटः मुल्याङ्कनका आधार फर्म र आवश्यकता अनुसार पशु विकास समन्वय समितिले हेरफेर गर्न सक्नेछ ।
- नाम थरः- पद : कार्यालय/ठेगाना दस्तखत
- १.

- २.
- ३.
- ४.
- ५.
- ६.

४) खर्चको मापदण्डः- कार्यक्रमका लागि सहभागी हुन चाहने सहकारी/समूहले कुल लागतको ५० प्रतिशत भन्दा माथि लगानी गरी स्थानिय उत्पादनको प्याकेजिङ, लेबलिङ, ग्रेडिङ, ब्राण्डीङ, प्रोसेसिङ तथा उत्पादनमा आवश्यक पर्ने मेसिनरी उपकरण, फर्निचर लगायतको कार्यमा खर्च गरिने ।

५) भुक्तानी प्रक्रियाः- छनौट भएको सहकारी तथा समूहले पेश गरेको कार्ययोजना तथा कार्यक्रम कार्यान्वयन सम्झौता बमोजिमको कार्य सम्पन्न भई सके पछि कार्यक्रम सम्पन्न प्रतिबेदन तथा मुल्याङ्कनको आधारमा रकम भुक्तानी दिईनेछ ।

## अनुसूची-१(ग)

## सहकारी तथा समूहको सहकार्यमा कृषितथा पशुपन्छी जन्य उत्पादनको बजारीकरण गर्न नगर कोसेली घर स्थापना कार्यक्रमको प्रस्ताव आह्वानको

**सूचना । सूचना ॥ सूचना ॥।**

मितिः२०..../../..

यस मधुवन नगरपालिका पशु सेवा शाखाको आ.व. २०..../२०.... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सहकारी तथा समूहको सहकार्यमा कृषितथा पशुपन्छी जन्य उत्पादनको बजारीकरण गर्न नगर कोसेली घर स्थापना कार्यक्रम रहेको हुदा यस मधुवन नगरपालिका अन्तरगतका वडा न. १ देखि ९ सम्मका कृषिवस्तुको प्याकेजिङ, लेबलिङ, ग्रेडिङ, ब्राण्डीङ, प्रोसेसिङ तथा उत्पादन गरी बजारीकरण गर्न ईच्छुक यो सूचना प्रकाशन हुनु भन्दा पहिले सम्बन्धीत निकायमा दर्ता भएका र यस भन्दा पहिले कृषिक्षेत्रमा कार्यगरिरहेका सहकारी, समूहहरु बाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र पशु सेवा शाखामा दरखास्त माग निबेदन दिनु होला । पुनश्चः आबेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न हुन समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

**तपसिलः**

- माग निबेदन ।
- संक्षिप्त कार्ययोजना ।
- अध्यक्षको नेपाली नागरिकताको प्रतिलिपि । .....................
- समूह सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि ।
- वडा कार्यालयको सिफारिस ।
- कार्यसमितिको बैठकको निर्णय प्रतिलिपि ।
- परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता पत्र ।

# अनुसूची-२ (ग)

## सहकारी तथा समूहको सहकार्यमा कृषितथा पशुपन्छी जन्य उत्पादनको बजारीकरण गर्न नगर कोसेली घर स्थापना कार्यक्रम सहयोग प्राप्त गर्नको लागि दिईने आबेदन-पत्र

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू मितिः
मधुवन नगरपालिका
बर्दिया ।

बिषय- ........................ नगर कोसेली घर स्थापना कार्यक्रम उपलब्ध गराई दिने बारे ।

महोदय,

हाम्रो श्री .. .. .. .. . सहकारी सँस्था लि./.. ..समूह ठेगाना मधुवन .. .. ..लाई उक्त अनुदान सहयोग प्राप्त गरी **नगर कोसेली घर स्थापना कार्यक्रम** .कार्य गर्न तिब्र ईच्छा भएकाले निम्नानुसार कागजात राखी माग निबेदन गर्दछौ । हाम्रो सहकारी सँस्था लि./समूहले उक्त अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित नगरपालिका.. ..वडा भित्रै रही कार्य गर्ने प्रतिद्धता सहित यो माग निबेदन पेश गर्दछौ । साथै तपसिल अनुसारका कागजातहरु यसै निबेदन साथ संलग्न राखेको ब्यहोरा समेत अनुरोध छ ।

तपसिल-

- माग निबेदन ।
- संक्षिप्त कार्ययोजना ।
- अध्यक्षको नेपाली नागरिकताको प्रतिलिपि । .....................
- समूह सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि ।
- वडा कार्यालयको सिफारिस ।
- कार्यसमितिको बैठकको निर्णय प्रतिलिपि ।
- परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिबद्धता पत्र ।

**निबेदक**
नाम
दस्तखत
ठेगाना

# अनुसूची-३ (ग)

## सहकारी तथा समूहको सहकार्यमा कृषितथा पशुपन्छी जन्य उत्पादनको बजारीकरण गर्न नगर कोसेली घर स्थापना कार्यक्रमको संक्षिप्त कार्ययोजना ।

सहकारी/ समूहको नाम-

ठेगाना-

सञ्चालन गर्न खोजेको कार्यक्रम र स्थान-

सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी

आफ्नो सहकारी /समूहका सदस्यहरुको लगानी-

उत्पादन हुने वस्तु विवरणः-

उत्पादित वस्तुको बजार-

अपेक्षित बार्षिक प्रतिफल-

व्यवशायले वातावरणमा नकरात्मक प्रभाव पार्छ/पार्दैन-

सँस्था दर्ता भएको निकाय- मिति-

व्यवशाय सञ्चालन गरिने स्थान-

संचालन गरिने कार्य विवरण-

| क.स. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | नीजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

हस्ताक्षर- समुहको छाप

नाम-
पद-
मिति-

## अनुसूची ४ ग

## दफा ७ (ग) २ (इ) सँग सम्बन्धित।

## सम्झौता -पत्र

मधुवन नगरपालिका पशु सेवा शाखाको आ.ब. २०..../२०...... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **सहकारी तथा समूहको सहकार्यमा कृषितथा पशुपन्छी जन्य उत्पादनको बजारीकरण गर्न नगर कोसेली घर स्थापना कार्यक्रम** सञ्चालन गर्न (यस पछि पहिलो पक्ष भनिने) मधुवन नगरपालिका बर्दिया र ..... .. .. .. .. .. .. .. .. .. .. ... .. .. .. .. .......................यस पछि दोस्रो पक्ष भनिने) बिच मितिः२०../../.. मा तपशिलका सर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरि दियौ/लियौ ।

- दोस्रो पक्षले सम्झौता भएको लगत्तै काम सुरु गर्नु पर्ने छ । यो कार्यक्रम मधुवन .. .. मा सम्पन्न हुनेछ र समायावधी २०..... असार १५ गते सम्म हुनेछ ।

- प्रथम पक्षले स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरी सके पछि भुक्तानी निबेदन, बिल भरपाई सामाजिक लेखा परिक्षण लगायतका कागजात पेश गरे पश्चात अनुगमन गरी प्रतिबेदनका आधारमा दोस्रो पक्ष लाई बैङ्क खाता मार्फत रकम भुक्तानी दिईने छ ।
- यस आर्थिक बर्ष २०.. ../२०.. ..मा अनुदान ग्राही लाई स्वीकृत कार्ययोजना अनुसार रु ५००००० (पाँच लाख मात्र) वा कार्य सम्पन्न प्रतिबेदनको ५० प्रतिशत रकममा जुन कम हुन्छ सोही रकम उपलब्ध गराउने छ जसमा कम्तिमा अनुदान बराबरको लगानी स्वलगानी बाफत फार्मका सञ्चालकले लगानी गर्नु पर्नेछ ।
- प्रथम पक्षले कार्यप्रगतीको आधारमा भुक्तानी गरिने छ । तोकिए अनुसारको परिमाणमा वा क्षेत्रफलमा काम नभएमा पुरै रकम भुक्तानी गर्न बाध्य हुने छैन ।
- स्वीकृत कार्ययोजना बमोजिमका सम्पुर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुने छ ।
- दोस्रो पक्षले कार्यक्रम गर्नु पर्दा आर्थिक ऐन नियमावलीको अधिनमा रहि सम्पन्न गर्नु पर्नेछ ।
- कार्यक्रम सञ्चालन स्थानमा कार्यक्रमको होर्डिङ बोर्ड राख्नु दोस्रो पक्षको जिम्मेवारी हुनेछ ।
- दोस्रो पक्षले नियमित रुपमा प्रगती विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने छ ।
- प्रथम पक्षको तर्फबाट अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुने छ ।
- पकेट क्षेत्रका पशुपन्छीहरुको विमा अनिवार्य दोस्रो पक्षले गर्नु पर्नेछ ।
- कार्यक्रम सञ्चालनको क्रममा आउन सक्ने द्विबिधाका बिषयमा दुबै पक्षको आपसि सहमति अनुसार हुने छ ।
- निर्माणको हकमा प्राबिधिक लागत अनुमान प्रतिबेदन अनिवार्य पेश गर्नु पर्नेछ ।
- सम्झौतामा उल्लेख हुन छुटेका बिषयको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।
- कोभिड १९ लगायतका कारण काबु भन्दा बाहिरको परिस्थिति श्रीजना भएमा प्रथम पक्ष दोस्रो पक्षलाई भुक्तानी दिन बाध्य हुने छैन ।
- सम्झौताका बुदाहरु आवश्यक्ता अनुसार थपघट र परिमार्जन गर्न सकिने छ ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फ बाट | प्रथम पक्षको तर्फ बाट |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगानाः | पदः |
| सँस्था/फार्म छाप | कार्यालयको छाप |
| साक्षिः | साक्षिः |
| नामः | नामः |
| ठेगानाः | पदः |

इति सम्वत २०.. .. साल ..महिना.....गते रोज सुभम् ।

**घ) पशुपन्छी विमा प्रोत्साहन कार्यक्रम कार्यबिधिः**

**पृष्ठभूमीः**

कृषिपेशालाई मर्यादित तथा सम्मानित पेशाको रुपमा विकास गर्नु र आयात प्रतिस्थापन गर्दै देशलाई पशुपन्छी पालन तथा अन्य कृषिका क्षेत्रमा आत्मनिर्भर बनाउनु आजको आवश्यकता हो । ऋणधन गरेर तथा विदेशबाट आएर देशमा केही गरौ भन्ने कृषक युवा हरुका लागि विभिन्न कार्यक्रमहरु तर्जुमा गर्नु पर्ने हुन्छ । दैनिक विभिन्न कारणले पशुपन्छीको क्षती हुदा कृषकहरुले प्रत्यक्ष क्षती ब्यहोर्नु परिरहेको हुन्छ । जसका कारण कृषकहरु दिनानुदिन पलायन हुने कार्य जारिरहेको छ । कृषकले लगानी गरेको पशुवस्तु क्षती भएमा तत्काल पुग्दो राहत दिन सकिने अवस्था हुदैन जसले गर्दा जोखिममा सहयोग पुगोस भन्ने हेतुले पशुपन्छी विमा प्रोत्साहन कार्यक्रम लागु गरिएको छ ।

१) **कार्यक्रम सञ्चालनको कार्यक्षेत्रः** यो कार्यक्रम मधुवन नगरपालिकाका सबै वडाहरुमा व्यवशायीक फार्महरु तथा कृषकहरुबाट माग भए बमोजिम लागू हुनेछन ।

२) **कार्यक्रम सञ्चालन प्रक्रियाः** यो कार्यक्रम मधुवन नगरपालिका पशु सेवा शाखाबाट वडाहरुको सिफारिस कमोजिम सञ्चालन हुनेछ ।

**अ)** अनुसूची १ (घ) बमोजिम ३५ दिने सूचना आवश्यक्ता अनुसार टाँस वा प्रकाशन गरी अनुसूची २ (घ) बमोजिम निबेदन माग गर्ने ।

**आ)** पशु विकास समन्वय समिति, नगर कार्यपालिका वा नगरपालिकाको अनुगमन समिति, पशु सेवा शाखाको टिम बाट अनुगमन गर्ने ।

**इ)** तोकिएको मामदण्ड पुरा गरेका समूहलाई अनुगमन प्रतिबेदनको आधारमा पशु विकास समन्वय समितिले छनौटका लागि आधार तयार गरी नगर कार्यपालिकामा पेश गर्ने । नगर कार्यपालिकाले आवश्यक निर्णय गर्ने ।

**ई)** छनौट भएका कृषकहरुको पशुपन्छीको विमा गर्न यस नगरपालिकामा सुचिकृत भएको विमा कम्पनी सँग अनुसूची ४ (घ) बमोजिम सम्झौता गरी कार्यक्रम कार्यान्वियन गर्ने ।

**उ)** लक्ष अनुसार विमा गराउने कृषकको संख्या अपुग भएमा प्राप्त निबेदकको पशुपन्छीको विमा गराई बाँकिको लागि समय समयमा सूचना प्रकाशित गरि विमा गराउदै जाने ।

**३) कृषक छनौटका आधारहरुः-**

अ) बाखा पालन ब्यवशायको हकमा सुधारीएको खोर बनाई ५ वटा भन्दा माथिको संख्यामा पालन गर्दै आएको, गाई भैसीको हकमा २ वटा माउ तथा ठूला ३ बर्ष माथिको संख्यामा भएको, बंगुर पालनको हकमा खोर सुधार गरी ५ वटा भन्दा माथि भएको,कुखुरा पालन २०० भन्दा माथि भएको, माछा पालनमा ५ कट्ठा भन्दा माथि मा माछा पालन गरेको, हुनु पर्नेछ ।

आ) प्राप्त निबेदन अनुसार सम्पुर्ण कृषकको दाबि गरे बमोजिमको पशुपन्छीको विमा गराउन सकिने अवस्था भएमा (अ) मा उल्लेखित मापदण्ड लागु नगरी निबेदक कृषकको माग अनुसारका पशुपन्छीको विमा गरिनेछ ।

४) खर्चको मापदण्डः- मधुवन नगरपालिका भित्रका ब्यवशायिक तथा ब्यवशाय उन्मुख पशुपन्छी फार्म तथा पशुपन्छी पालक कृषकहरुले तोकिएको संख्यामा पशुपन्छी पालन गरेको हुनु पर्नेछ । कृषकले विमा गर्दा कृषकले विमा कम्पनीलाई तिर्नु पर्ने कुल ५० प्रतिशत रकमको ५० प्रतिशत रकम नगरपालिकाले विमा कम्पनीलाई भुक्तानी गर्नेछ ।

**५) विमाले समेटिने क्षेत्रहरुः:**

ब्यवशायिक भेडा/बाखा पालन, कुखुरा पालन, बंगुर पालन, गाई भैसी पालन, माछा पालन ।

**६) भुक्तानी प्रक्रियाः-** कृषकले विमा कम्पनीलाई तिर्नु पर्ने कुल विमाङ्क रकमको ५० प्रतिशत रकम विमा कम्पनीलाई भुक्तानी गरिनेछ ।

## अनुसूची-१(घ)

## पशुपन्छी विमा प्रोत्साहन कार्यक्रमको प्रस्ताव आह्वानको

**सूचना ।                सूचना ॥                सूचना ॥।**

मितिः२०..../../..

यस मधुवन नगरपालिका पशु सेवा शाखाको आ.व. २०..../२०.... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **पशुपन्छी विमा प्रोत्साहन कार्यक्रम** रहेको हुदा यस मधुवन नगरपालिका अन्तरगतका वडा न. १ देखि ९ सम्मका पशुपन्छी पालक/माछा पालक कृषकहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ दिन

भित्र पशु सेवा शाखामा दरखास्त माग निबेदन दिनु होला । पुनश्चः आबेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न हुन समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

**तपसिलः**

- माग निबेदन ।
- नेपाली नागरिकताको प्रतिलिपि ।                                        ......................
- वडा कार्यालयको सिफारिस ।

## अनुसूची-२ (घ)

**पशुपन्छी विमा प्रोत्साहन कार्यक्रम सहयोग प्राप्त गर्नको लागि दिईने आबेदन-पत्र**

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू                                        मितिः
मधुवन नगरपालिका
बर्दिया ।

**बिषय- पशुपन्छी विमा प्रोत्साहन कार्यक्रम उपलब्ध गराई दिने बारे ।**

महोदय,

प्रस्तुत बिषयमा यस मधुवन नगरपालिकाबाट मितिः ..................मा प्रकाशित सूचना अनुसार मैले विगत .. .. .. . बर्ष देखि .. .... .. पालन गर्दै आएको र हाल म सँग .. .. ..वटा रहेको हुदा मैले मेरो घरमा पालन गर्दै आएका.... .. पशुको विमा गराउन ईच्छुक भएकाले उक्त विमा प्रोत्साहन कार्यक्रम उपलब्ध गराई पाँउ भनि तपशिल बमोजिमका कागजातहरु संलग्न राखी हजुर समक्ष यो निबेदन पेश गर्दछु ।

तपसिल-

- माग निबेदन ।
- नेपाली नागरिकताको प्रतिलिपि ।
- वडा कार्यालयको सिफारिस ।

**निबेदक**
नाम
दस्तखत
ठेगाना

## अनुसूची-४ (घ)

**दफा ७ (घ) २ (ई) सँग सम्बन्धित ।**

**पशुपन्छी विमा प्रोत्साहन कार्यक्रम** सञ्चालनका लागि विमा कम्पनी सँग गरिएको दुइपक्षिय सम्झौता पत्र

**मधुवन नगरपालिका बर्दिया**

**र**

............... **इन्स्योरेन्स कम्पनी लिमिटेड** ...............

**बीच**

## बीमा सम्बन्धी कारोबार गर्ने द्विपक्षीय कार्यविधि

बीमा ऐन, २०४९ बमोजिम बीमा कारोबार गर्न ईजाजत प्राप्त जिल्ला काठमाण्डौं का.म.न.पा. वडा नं. ३१ थापाथली, शिखर बिज सेन्टर स्थित **श्री .................... कम्पनी लिमिटेड**(यस पछि प्रथम पक्ष भनी सम्बोधन गरिने) र जिल्ला बर्दिया स्थित ......................(यस पछि द्वितिय पक्ष भनी सम्बोधन गरिने)समेत हामी दुबै पक्षका बीच दोश्रो पक्ष अर्थात् मधुवन न.पाक्षेत्रमा बसोबास गर्ने बासिन्दाहरुको कृषि बाली तथा पशुपन्छी बीमा गर्ने प्रयोजनार्थ कृषि बाली तथा पशुपन्छी बीमा निर्देशिका, २०७७ को अधिनमा रही बीमा गर्ने गराउने कार्य सरल रुपमा गर्न गराउन तल उल्लेखित शर्तहरुको अधिनमा रही यो कार्यविधिमा दुबै पक्षको सहमति भएकोले सही छाप गरी दुबै पक्षले एक/एक प्रति बुझी लियौं दियौं ।

### <u>तपसिल</u>

### <u>शर्तहरु/प्रक्रियाहरु</u>

१. दोश्रो पक्ष अन्तर्गतका सबै लाभग्राहीहरुको प्रथम पक्षले बीमा गर्ने छ र यसरी बीमा गर्दा दोस्रो पक्षको आवश्यकता बमोजिम प्रथम पक्षले बीमा सेवा उपलब्ध गराउने छ ।

२. बीमाशुल्क दर तथा बीमाका शर्तहरु बीमा समितिको निर्देशिका तथा परिपत्रहरु बमोजिम हुनेछ ।

३. यो कार्यविधि हस्ताक्षर भएको मितिबाट सम्बन्धित आर्थिक बर्षको असार मसान्त सम्मका लागि लागू हुनेछ र त्यस पछि यस कार्यविधिलाई दुवै पक्षको सहमतिमा नविकरण गर्न सकिनेछ ।

४. यस कार्यविधि अनुरुप जारी भएका बीमालेखहरुमा नगरपालिकाबाट उपलब्ध भएपश्च्यात अनिवार्य रुपमा **मधुवन न.पा बाट बीमाशुल्कमा ५० प्रतिशत अनुदान प्राप्त बीमालेख**"भनी छाप लगाइनेछ ।

५. बीमा दावी सम्बन्धमा कुनै विवाद पर्न आएमा बीमित, प्रथम पक्ष र दोश्रो पक्षको प्रतिनिधिको रोहवरमा बीमालेखको शर्तहरु तथा अवस्थाहरुको अधिनमा रही दावी फछ्र्यौट गर्ने कार्य गरिनेछ ।

६. **प्रथम पक्षले दोश्रो पक्षको कृषि र पशुपन्छीको बीमा बाहेक देहाय बमोजिमका कार्यहरु समेत गर्नेछ** :

क) दोश्रो पक्षबाट तोकिएको कार्य क्षेत्रमा वा दोश्रो पक्षले निकट भविष्यमा सञ्चालन गर्ने योजना तथा आवश्यकता अनुसार विभिन्न स्थानहरुमा बाली तथा पशुधन बीमा कार्यक्रम सञ्चालन गर्ने,

ख) दोश्रो पक्षले उल्लेख गरेको कार्यक्षेत्र भित्र रहेका समुदाय, घरधुरी तथा लाभग्राहीहरुलाई बीमा बारे आवश्यक परामर्श र सुझाव उपलब्ध गराउने,

ग) बीमा गरिने पशुधनहरुको पहिचानको लागि संकेत पट्टा (माइको चिप वा कानमा लगाउने ट्याग) उपलब्ध गराउने ।

घ) यस कार्यविधि अनुरुप जारी भएका बीमालेखहरु र उक्त बीमालेखसँग सम्बन्धि दावी भुक्तानी सम्बन्धी अभिलेख राखी सो विवरण मासिक रुपमा दोस्रो पक्षलाई उपलब्ध गराउने ।

ङ) यस कार्यविधि अनुरुप जारी भएका बीमालेखहरुको बीमावधि सकिनु अगावै दोस्रो पक्ष र बीमितलाई नविकरणको सुचना उपलब्ध गराउने ।

७. **दोश्रो पक्षको प्राविधिकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ** :

क) बीमा गरिने वस्तुको स्वास्थ्य परीक्षण वा गुणस्तर परीक्षण गरी उक्त वस्तुको स्वास्थ्य वा गुणस्तरको आधारमा बीमा गर्न योग्य छ वा छैन भनी प्रस्ताव फाराममा भरी बीमितलाई प्रदान गर्ने,

ख) बीमा गरिने वस्तुमा पहिचानका लागि संकेत पट्टा वा चिप्स वा ट्याग जडान गर्ने,

ग) बीमा गरिने वस्तु समेटिने गरी विभिन्न कोणबाट खिचिएको स्थिर फोटो कम्तीमा पाँच (५) वटा र कम्तीमा तीन (३) मिनेट सम्मको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गर्ने,

छ) बीमालेखको १/१ प्रति विमितलाई र **मधुवन न.पा.** लाई उपलब्ध गराउने ।

८. **बीमाशुल्क सम्बन्धी व्यवस्थाहरु** :

क) दोश्रो पक्षले बीमाशुल्क बापत कूल बीमा शुल्कमा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम बाहेकको २० प्रतिशत बीमाशुल्कको आधा अर्थात् पचास (५०) प्रतिशत मात्र भुक्तानी गर्नेछ । बाँकी पचास (५०) प्रतिशतर दुर्घटना विमाको बीमाशुल्क सम्बन्धित बिमितले भुक्तानी गर्नेछ ।

ख) दोश्रो पक्षले प्रथम पक्षलाई दिएको प्रस्ताव फारामकोआधारमा प्रथम पक्षले बीमालेख जारी गर्नेछ र सोको एक (१) प्रति प्रथम पक्षले दोश्रो पक्षलाई मासिक विवरण सँगै हस्तानतरण गर्नेछ ।

ग) बीमा गरिने पशुको अधिकतम बीमाङ्कअनुसूची-२ बमोजिम हुनेछ । कुनै बीमितले अनुसूची-२ बमोजिमको अधिकतम बीमाङ्क भन्दा बढी बीमाङ्क कायम गर्न चाहेमा सो अतिरिक्त बीमाङ्क बापत हुन आउने बीमाशुल्क बिमित स्वयंले व्यहोर्ने छ ।

घ) प्रचलित बीमा ऐनमा रहेको बीमा गरे वापत हुन आउने बीमाशुल्कको भुक्तानी प्राप्त नगरी बीमालेख जारी गर्न पाइने छैन भन्ने व्यवस्थालाई मध्यनजर गरीप्रथम पक्ष र दोश्रो पक्षको आपसी समझदारीका आधारमा दोश्रो पक्षले केही रकम पेश्कीको रुपमा प्रथम पक्षलाई अग्रिम भुक्तानी गर्नेछ ।प्रथम पक्षले पत्येक पटक बीमालेख जारी गर्दा सो पेश्की रकमबाट बीमाशल्क बापत कट्टा गर्दै जानेछ र पेश्की समाप्त हुनु अगावै दोश्रो पक्षलाई जानकारी दिनेछ । प्रथम पक्षबाट प्राप्त सो जानकारीका आधारमा दोश्रो पक्षले पुनः नयाँ पेश्की प्रथम पक्षलाई उपलब्ध गराउने छ । पेश्की सम्बन्धी हिसाब मिलान मासिक रुपमा गरिने छ ।

९. यो कार्यविधि कूनै एक पक्षले रद्द गर्न चाहेमा १ महिनाको अग्रिम सुचना दिई रद्द गर्न सकिने छ ।

१०. दोश्रो पक्षले अन्य कुनै बीमा कम्पनीसँग सम्झौता गरी छुटै क्षेत्र वा समुदायको लागी आवश्यक बीमाकार्य संचालन गर्न चाहेमाउक्त कार्यको लागि यस कार्यविधिलेकुनैबाधा पुऱ्याउनेछैन ।

११. माथिउल्लेख भएकाबुँदाहरु प्रचलितबीमा ऐन रकृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७ र सोको परिपत्रहरु बमोजिम हुने छन् ।

**.......................विमा कम्पनी लि. को तर्फबाट** **मधुवन न.पा.को तर्फबाट**

| श्री ................ | श्री ................ प्रमुख प्रशासकिय अधिकृत |
|---|---|
| | |

साक्षी साक्षी

| श्री ...................... | श्री ...................पशु सेवा शाखा प्रमुख |
|---|---|
| | |

इति सम्बत् २०...... साल ...महिना....... गते रोज .......शुभम् :

**छापको नमुना**ःदफा ४ सगँ सम्बन्धित **अनुसूचि २**

| |
|---|
| |

| क.सं | पशु | अधिकतम बीमाङ्क (रकमप्रतिपशु) |
|---|---|---|
| १ | गाई | १,००,००० |

| | | | | |
|---|---|---|---|---|
| **मधुवन न.पालिकाको छाप** | | २ | गोरु रागा | ८०,००० |
| | | ३ | भैसी | १,२०,००० |
| **मधुवन न.पालिकाबाट ५० प्रतिशत अनुदान प्राप्त बीमालेख** | | ४ | बाख्रा | ४०,००० |
| | | ५ | बङ्गुर | २०,००० |
| | | ६ | कुखुरा | संख्या अनुसार |
| | | ७ | माछा | मछा पालन क्षेत्रफल अनुसार |

आज्ञाले

ओमकार शाह

प्रमुख प्रशासकीय अधिकृत